रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
स्था.२०७३

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2073

पत्र संख्या (Ref.No) :- २०७९/०८०
चलानी नं (Dispatch No.) :-

मितिः २०७९/०६/२६

**साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता र नयाँको लागी प्रस्ताव पेश गर्ने सूचना !**

रौतामाई गाउँपालिका, उदयपुरबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.व. २०७८/७९ मा संचालन भएका पुराना पकेट विकास कार्यक्रमहरुको आ.व. २०७९/८० मा तपशिलका क्षेत्रहरुमा कार्यक्रम निरन्तरताको लागि र नयाँ पकेट आ.व. २०७९/८० मा संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक समुह/सहकारी/जल/बन/उपभोक्ता समिति/कृषि फर्म हरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन भित्र अथार्थ (मिति २०७९/०७/२७ यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूची -१०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपशिलः

| सि.न. | पकेट संचालन हुने बाली | पकेटको कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | सुन्तला | रौतामाई गा.पा. वडा न. ४ सेर्के | निरन्तरता |
| २ | अदुवा/बेसार | रौतामाई गा.पा. भरि (पहिले देखि खेति गर्दै आएकालाई प्राथमिकता दिइनेछ) | नयाँ |

निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुः

१. सम्बन्धित कृषक समूह/ सहकारी/जल/बन उपभोक्ता समिति/ कृषि फर्म दर्ता (सूचना प्रकाशन मिति भन्दा अगावै दर्ता भएको हुनु पर्नेछ) तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२. सम्बन्धित संस्थाको स्थायी लेखा नम्बर तथा आ.व. २०७८/७९ को कर चुक्ता ।

३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडामा जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौता ।

४. निवेदक र सदस्यहरुको नागरिकता वा परिचय खुल्ने आधिकारिक प्रमाण पत्रको प्रतिलिपि ।

५. कार्यक्रममा सहभागिता सम्बन्धि कार्य समितिको निर्णय प्रतिलिपि ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

नोटः कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध हुन सक्नेछ भने अनुदान बाहेक लागत साझेदारी गर्नु पर्नेछ। थप जानकारीको लागि ९८६३९०४४५३ (रिमा वि.क.) ९८४३२५२०३२ (गोमा बास्तोला) ९८४९५३२२२० (सुसिला रायमाझी) लाई सम्पर्क गर्नु हुन अनुरोध छ ।

..........................
शम्भु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शम्भु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत